नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

प.सं.०८१/०८२
च.नं.

## प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभाग हरिहरभवन, ललितपुरबाट जिल्ला कैलाली, लम्किचुहा नगरपालिका वडा नं. ७, स्थायी ठेगाना भई हाल जिल्ला काठमाडौं, काठमाडौ महानगरपालिका वडा नं. १५, सानोभर्‍याङ बस्ने वर्ष ४१ को पदम प्रसाद पाण्डेले राजस्व चुहावट गरेको कसुरका सम्वन्धमा अनुसन्धान सम्पन्न गरी सम्मानित उच्च अदालत पाटनमा मिति २०८१/१०/२० मा प्रतिवादी पदम प्रसाद पाण्डे विरुद्ध अभियोगपत्र दर्ता गरिएको छ।

प्रतिवादी पदम प्रसाद पाण्डेले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ४ को खण्ड (क) र खण्ड (झ) बमोजिमको कसुर गरेको देखिएकोले सोही कसुरमा निज सञ्चालक रहेको ओम पर्ल गोल्ड प्रा.लि.को आ.व.२०७८/०७९को राजस्व चुहावट देखिएको रकम रु.३,६८,०८,९३१.४३ र कैलाश ज्वेलर्स प्रा.लि.को आ.व.२०७८/०७९ राजस्व चुहावट देखिएको रकम रु.१८,३०,१८८.१४ गरी प्रतिवादी पदम प्रसाद पाण्डेलाई कूल बिगो रू.३,८६,३९,११९.५६ (अक्षरेपि तीन करोड छयासी लाख उनान्चालीस हजार एक सय उन्नाईस रूपैयाँ छपन्न पैसा मात्र) लाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (संशोधन सहित) को दफा २ को खण्ड (छ१) को उपखण्ड (क) बमोजिम बिगो कायम गरी सोही ऐनको दफा २३ को उपदफा (१) बमोजिम बिगोको शत प्रतिशतले हुने जरिवाना रु.३,८६,३९,११९.५६ र ऐ. उपदफाको खण्ड (ख) बमोजिम कैद सजायसमेतको माग दावी लिई श्री उच्च अदालत पाटनमा अभियोगपत्र दायर गरिएको छ।

२०८१/१०/२१

प्रवक्ता
उपमहानिर्देशक
(कृष्ण कुमारी श्रेष्ठ)


टेलिफोन: ५५२७८८५-महानिर्देशक, ५५५१८०२-उप-महानिर्देशक
कन्ट्रोल रुम ५०१००८५, एक्सचेन्ज ५०१००५७, फ्याक्स: ५५४२०२३, टोल फ्री नम्बर: १६६०-०१-५५०००
ईमेल: info@dri.gov.np, वेभसाइट: www.dri.gov.np .
मुद्दा तथा अनुसन्धान शाखा-१: ईमेल:dri.section1@gmail.com, टेलिफोन:०१-५४५०९८२

Scanned with CamScanner